# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि शाखा
३ नं प्रदेश, नेपाल

**अनुदान कृषि कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना**

**प्रथम पटक सूचना प्रकासन मिति २०७६/०५/२३**

उपयुक्त सम्वन्धमा यस शाखाको आ.व.२०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरपालिकाको आन्तरिक श्रोत तथा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत तपशिल अनुसारका कार्यक्रम (बर्ष भरि बिभिन्न चौमासिकमा संचालन हुने सवै कार्यक्रमका लागि) संचालन गर्नु पर्ने भएकोले कुनै एक वा एक भन्दा वढी कार्यक्रम संचालन गर्न ईच्छुक समुह/सहकारी/कृषक/उद्यमी/कृषि फार्म संचालकहरुले तपशिल अनुसारका आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकासन भएको मितिले २० दिन अर्थात मिति २०७६ असोज १२ गते कार्यालय समय भित्र रितपुर्वक यस शाखामा निवेदन पेश गर्न हुन यो सूचना प्रकासन गरिएको छ ।थप जानकारीका लागि शाखाका कर्मचारी अदिति विष्ट ९८६५०७६२७७, गणेश बहादुर थापा ९८५१२३३३५५ मोबाईल नं मा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।

**तपशिलः**

| क.स. | अनुदानमा संचालन हुने कार्यक्रम | अनुदानको विवरण | वजेट |
|---|---|---|---|
| १ | साना सिंचाई मर्मत संभार तथा निर्माण | कृषक समुह/सहकारी/ संस्था/उपभोक्ता सिमिति वा संस्थाको माग बमोजिम आवश्यकता तथा सम्भाब्यता हेरी उचित नियमानुसार स्वीकृत बजे अनुसार अस्थायी वाधं, पैनी, छेकवार, कुलो मर्मत सुधार, संरक्षर होमपाइप, पोलिथन पाइप, प्लाष्टिक पोखरी तथा पोखरी निमार्ण, विभिन्न किसिमका पानी तान्ने पम्पसेट थोपा सिंचाई प्रणाली स्प्रीङ्कलर सिंचाई आदीको निमार्ण तथा व्यवस्थापन गर्ने । (प्रति योजनाका लागि १ लाख ५० हजार भन्दा बढी रकमको अनुदान दिन नसकिने र उपभोक्ताले कम्तीमा १५% लागत ब्यहोर्नु पर्ने) | ९ लाख |
| २ | ५०% अनुदानमा अर्गानिक फार्म स्थापनाका लागि अनुदान दिने । | व्यवसायीक तरकारी खेती गर्न चाहने युवा उद्यमी, कृषि समुह तथा सहकारीलाई अर्गानिक फार्म (१ वटा) स्थापनाका लागि अनुदान दिने । | १ लाख ९० हजार |
| ३ | ५०% अनुदानमा कृषि सामाग्री वितरण | समुह सहकारी तथा कृषकको माग वमोजिम स्वीकृत वजेट अनुसार कृषि सामाग्री (सिकेचर, स्प्रीङ्कलर, हजारी स्प्रे आदी) अनुदानमा उपलब्ध गराईने (३ पटक) | १ लाख ५ हजार |
| ४ | ५०%अनुदानमा हाईटेक प्लाष्टिक फार्म स्थापना । | व्यवसायीक तरकारी खेती गर्न चाहने युवा उद्यमी, समुह तथा सहकारीलाई माग वमोजिम हाईटेक प्लाष्टिक टनेल (हाईटेक फार्म) २ वटा (प्रति हाईटेकका लागि रु ५० हजार अनुदान सहयोग गरिने छ) उपलव्ध गराइने । | १ लाख |
| ५ | ५०%अनुदानमा प्लाष्टिक टनेल वितरण | समुह सहकारी तथा कृषकको माग वमोजिम स्वीकृत वजेट अनुसार अनुदानमा प्लाष्टिक टनेल (प्रति टनेलका लागि रु १० हजार का दरले १० वटा) उपलव्ध गराईने। | १ लाख |
| ६ | ५०%अनुदानमा हाईव्रीड जातको तरकारी वीउ वितरण कार्यक्रम | समुह सहकारी तथा कृषकको माग वमोजिम स्वीकृत वजेट अनुसार अनुदानमा तरकारी वीउ उपलव्ध गराईने। | ७५ हजार |

किपू नगरपालिका

# कीर्तिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कृषि शाखा

३ नं प्रदेश, नेपाल

**<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु</u>**

१. व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३. समुह/सहकारी/कृषि फार्मको हकमा दर्ता प्रमाणपत्र, कर तिरेको प्रमाणपत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि एवं ५० प्रतिसत अनुदान रकम ब्यहोर्ने निर्णयसहितको प्रतिवद्धता पत्र ।

४. साना सिंचाईको हकमा कृषक समुह/सहकारी/ संस्था/उपभोक्ता सिमिति वा संस्थाले मात्र माग निवेदन गर्न सक्नेछन र यसका लागि माथि ३ र ४ नं अनुसारका कागजात, माग गरिएको सिंचाईको प्रकार तथा १५ प्रतिसत लागत ब्यहोर्ने प्रतिवद्धता पत्र ।

५. प्लाष्टिक टनेल, अर्गानिक फार्म स्थापना, हाईटेक प्लाष्टिक टनेल निर्माणका लागि प्रस्तावित जग्गाको विवरण (भाडाको जग्गाको हकमा भाडा लिए/दिएको सम्झौता पत्र र ब्यक्तिगत स्वामित्वको जग्गाको हकमा जग्गाधनी दर्ता प्रमाण पत्रको प्रतिलिपी) पेश गर्नुपर्न

५. कार्यक्रम माग गर्दा तोकिएको निवेदनको ढाँचामा (माथिका १ देखि ७ नं सम्मका कार्यक्रम माग गर्ने निवेदनको ढाँचा यसैसाथ संलग्न रहेका छन) निवेदकले निवेदन दिनुपर्ने र निवेदन दस्तुर वापत रु १० नगदै जम्मा गर्नुपर्ने ।

...............

(अदिति विष्ट)

कृषि विकास अधिकृत